पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ पोखरा खण्ड : ७० प्रमाणित मिति: २०७८ माघ ०७ गते

## भाग १

पोखरा महानगरपालिका

# कर्मचारी सेवा ऐन, २०७६

# कर्मचारी सेवा ऐन, २०७६

**प्रस्तावनाः** पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई समयानुकुल व्यवस्था गर्न, कर्मचारीलाई सेवा प्रति सर्मपित गराई सेवा प्रवाहमा प्रभावकारीता ल्याई नेपालको संविधानले अंगिकार गरेको शुशासन कायम राख्न,कर्मचारीहरुको उचित व्यवस्था गरी समयानुल परिर्क्तन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र पारदर्शी तवरवाट गुणस्तरिय तथा सेवामुखी वनाउने उद्देश्यले नयां ऐन वनाउनु पर्ने आवश्यकता महसुस गरी कर्मचारीको सेवा सम्वन्धी ब्यवस्थापनमा परिवर्तित तवरवाट व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ सो को अनुसूची ८ (आठ) को खण्ड ५ (पाँच) एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिका प्रयोग गरी पोखरा महानगरपालिकाको छैठौं नगर सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “ कर्मचारी सेवा ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) “महानगरपालिका” भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) “प्रमुख” भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “उप-प्रमुख” भन्नाले पोखरा महानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय सेवा" भन्नाले महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी रहेको सेवालाई सम्झनु पर्दछ ।

(छ) "कर्मचारी" भन्नाले महानगरपालिकामा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "समायोजन" भन्नाले प्रचलित नेपाल कानुन वमोजिम समायोजन गरिएको कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## संगठन संरचना,समायोजन र पदपुर्ति सम्वन्धी ब्यवस्था

३. **संगठन तथा कर्मचारी दरवन्दी स्वीकृत गर्ने :** (१) महानगरपालिकामा समायोजन भएका स्थानीय कर्मचारी महानगरपालिकाको संगठन तथा दरवन्दी भित्र स्वतः समायोजन भएको मानिने छ ।कार्यपालिकाबाट स्विकृत अनुसुची (१) बमोजिमको संगठन संरचना हेरफेर तथा दरवन्दी स्वीकृत गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

(२) महानगरपालिकामा कार्यरत अस्थायी कर्मचारीहरुलाई हाल वहाल रहेको पदमा कायम रहने गरी दरवन्दी व्यवस्थापन गर्नु पर्नेछ ।

स्पस्टिकरणः यस दफाको प्रयोजनको लागि "अस्थायी कर्मचारी" भन्नाले पोखरा महानगरपालिका लागु हुदाका वखत सम्म करार तथा सेवाकरार मा नियुक्त भै अविछिन्न रुपमा कार्यरत रहेका कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(३) कर्मचारीको समायोजन सम्वन्धी ब्यवस्थाः स्थानिय सरकार संचालनऐन

२०७४ प्रारम्भ हुनु अघि साविक स्थानीय निकायमा नियुक्ति भएका तथा महानगरपालिकाको दरवन्दीमा रहेका कर्मचारीको हकमा सम्वन्धित सेवा, समुहको पदको लागि यो ऐन प्रारम्भ हुदाका वखत देहाय वमोजिम योग्यता पुरा गरेको स्थानीय तहका कर्मचारीको समायोजन देहाय वमोजिम गरिनेछ ।

| हालको तह | हालसम्मको सेवा अवधि र शैक्षिक योग्यता | हाल समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| श्रेणि विहिन | सामान्य लेखपढ | श्रेणि विहिन | खाइपाई आएकोमा दुई ग्रेड थप |
| सहायकस्तर चौथो | पाच वर्ष वा सो भन्दा कम सेवा अवधि | सहायकस्तर चौथो तह | खाइपाई आएकोमा दुई ग्रेड थप |
| | पाच वर्ष वा सो भन्दा बढि सेवा अवधि पुरा गरी समायोजन हुने तहको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको वा वाह्र वर्ष सेवा अवधि पुगेको | सहायक स्तर पाँचौ तह | - |
| सहायक स्तर पाँचौ | पाच वर्ष वा सो भन्दा कम सेवा अवधि | सहायक स्तर पाँचौ तह | खाइपाई आएकोमा दुई ग्रेड थप |
| | पाच वर्ष वा सो भन्दा बढि सेवा अवधि पुरा गरी समायोजन हुने तहको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको वा वाह्र वर्ष सेवा अवधि पुगेको | अधिकृत स्तर छैठौं तह | - |
| अधिकृत स्तर छैठौं | पाच वर्ष वा सो भन्दा कम सेवा अवधि | अधिकृत स्तर छैठौं | खाइपाई आएकोमा दुई ग्रेड थप |
| | पाच वर्ष भन्दा बढि सेवा अवधि पुरा गरेको | अधिकृत स्तर सातौ तह | - |

| | | | |
|---|---|---|---|
| अधिकृत स्तर सातौं | पाच वर्ष वा सो भन्दा कम सेवा अवधि | अधिकृत स्तर सातौं तह | खाइपाई आएकोमा दुई ग्रेड थप |
| | पाच वर्ष भन्दा बढि सेवा अवधि पुरा गरेको | अधिकृत स्तर आठौं तह | |

(४) उपदफा (३) वमोजिमको व्यवस्था एक पटक मात्र तत्काल कायम रहेको तहको समायोजनको हकमा लागु हुनेछ ।

(५). स्थानीय तहका कर्मचारीको समायोजनको आधार : (१) यस ऐन बमोजिम स्थानीय तहका कर्मचारीहरुको शाखागत समायोजन गर्दा क्रमशः देहायको आधारमा गरिनेछ :

(क) हाल कार्यरत शाखा वा कार्यालय

(ख) हालको पद वा तहमा सेवा गरेको ज्येष्ठता

(ग) हालको पद भन्दा तल्लो पद वा तहमा सेवा गरेको ज्येष्ठता

(घ) उमेरको जेष्ठता ,

६. **कर्मचारी हाजिर हुनुपर्ने एवं जिम्मेवारी दिनुपर्ने** : (१) यस ऐन बमोजिम समायोजन भएका कर्मचारीहरुले समायोजन गरिएको पद वा तहमा समायोजन भएकै दिनबाट अनिवार्य रुपमा हाजिर भई कामकाज गर्नुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समायोजन हुँदाका बखत देहायको अवस्था रहेको कर्मचारीले देहायको अवधि समाप्त भएको ३५ दिनभित्र समायोजन भएको पद वा तहमा हाजिर हुनुपर्नेछ :

(क) प्रसुति विदा वा प्रसुति स्याहार विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ख) किरिया विदामा बसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ग) निलम्वनमा रहेको कर्मचारीले त्यस्तो निलम्वन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन विदामा वसेको कर्मचारीले त्यस्तो विदा समाप्त भएको,

(ङ) विरामी परि अस्पताल भर्ना भएको कर्मचारीले अस्पतालबाट डिस्चार्ज भएको ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (२) बमोजिमको अवधिभित्र हाजिर नहुने कर्मचारीलाई प्रचलित कानून बमोजिमको विभागिय सजायको आदेश दिन पाउने अधिकारीले सेवाबाट अवकाश दिनेछ । तर अवकाश दिनुपूर्व प्रचलित कानून बमोजिम सफाई र स्पष्टिकरण पेश गर्ने मनासिव मौका दिनुपर्नेछ । साथै यसरी अवकाश पाएमा नियमानुसार अवकाश पछि पाउने सुविधा भने पाउनेछ ।

(४) यसरी समायोजन हुने कर्मचारीहरुलाई महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले हाजिर गराई जिम्मेवारी दिनुपर्नेछ ।

(७) **पदपुर्ति सम्वन्धी व्यवस्था** : स्थानीय सेवामा रहने पदहरुको दरवन्दी एवं पद पुर्ति गर्ने सम्वन्धी व्यवस्था महानगरपालिका कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ३
## कर्मचारीको सुविधा एवं स्थायित्व सम्बन्धी ब्यवस्था

(८) **कर्मचारीको व्यवस्थापन सम्वन्धी** : (१) स्थानीय तहका अस्थायी,करार र सेवा करारका कर्मचारीहरुलाई आन्तरिक प्रतिष्पर्धाको माध्यमवाट व्यवस्थापन गरिने छ । आन्तरिक प्रतिष्पर्धा सम्वन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्थापन कार्य सम्पादनका लागि देहायको एक कर्मचारी व्यवस्थापन समिति रहनेछ :-

अध्यक्ष : उप प्रमुख

सदस्य : तोकिएको कार्यपालिका सदस्य दुई जना

सदस्य : महानगर प्रमुखले तोकेको विषयगत क्षेत्रका विज्ञ तीन जना

सदस्य-सचिव : प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार

तोकिएवमोजिम हुनेछ ।

(४) उपदफा (१) वमोजिम आन्तरिक प्रतिष्पर्धामा सहभागि हुन नचाहने कर्मचारीको हकमा देहायको सुविधा लिई सेवा निवृत्त हुन सक्नेछ ।

(क) ३ वर्ष देखि १० वर्षसम्म सेवा अवधि पुरा गरेकालाई खाईपाई आएको मासिक तलव स्केलको प्रतिवर्ष एक तिहाईका दरले हुन आउने रकम,

(ख) १० वर्ष देखि २० वर्षसम्म सेवा अवधि पुरा गरेकालाई खाईपाई आएको मासिक तलव स्केलको प्रतिवर्ष दुई तिहाईका दरले हुन आउने रकम,

(ग) २० वर्ष देखि माथिको सेवा अवधि पुरा गरेकालाई खाईपाई आएको मासिक तलव स्केलको प्रत्येक वर्षको पुरा तलव स्केलका दरले हुन आउने रकम

८. **अवकास सुविधा :** (१) स्थायी कर्मचारीहरुको अवकास हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपदान लगायतका सुविधा देहाय बमोजिम नै हुनेछ ।

(क) ५ देखि १० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाईपाई आएको आधा महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(ख) १० देखि १५ वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाईपाई आएको एक महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(ग) १५ देखि २० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाईपाई आएको डेढ महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(घ) २० देखि २५ वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाईपाई आएको दुई महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(ङ) २५ वर्ष भन्दा बढि वर्षसम्म सेवा अवधि पुरा भएमा प्रति वर्ष खाईपाई आएको साढे दुई महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(२) स्थायि र अस्थायी कर्मचारीहरुको अवकास हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, विरामी विदा, घर विदा लगायतका सुविधिा निजामति सेवाका समान तहका कर्मचारीले पाए सरहको सुविधा हुनेछ ।

९. अस्थायि सेवा अवधि गणना सम्वन्धी ब्यवस्था : हाल महानगरमा कार्यरत रहेका कर्मचारी र स्थानीय तह वा निजामति सेवाबाट समायोजन भई आएका वा महानगपालिकामा निरन्तर सेवा गरी आएका स्थायी कर्मचारीहरु साविकमा कुनै पनि सरकारी निकायमा अस्थायी नियुक्ति पाई पछि स्थायी भई अविछिन्न रुपमा कार्यरत कर्मचारिको बढुवा प्रयोजनका लागि साविकको अस्थायी सेवा अवधिको ६६ प्रतिशत सेवा अवधिलाई स्थायी सेवा अवधिमा जोडिने छ ।

## ंपरिच्छेद ४
## विविध

१०. **दरवन्दीको अभिलेख** : (१) यस ऐन बमोजिम समायोजन भइसकेपछिको दरवन्दीको अभिलेख महानगरपालिकाको कर्मचारी प्रशासन महाशाखाले राख्नेछ ।

११. **समायोजनको आवश्यक ब्यवस्था मिलाउने** : (१) यो ऐनको ब्यवस्था कार्यान्वयनका लागि महानगरपालिका प्रशासन महाशाखाले आवश्यक ब्यवस्था मिलाउनेछ ।

१२. **प्रोत्साहन सुविधा** : (१) यस महानगरपालिकाका स्थानीय तह तर्फका पाँच बर्ष भन्दा बढि सेवा गरेका अस्थायि तथा करार कर्मचारीहरुलाई परिच्छेद २ को दफा ३ र ४ बमोजिमकै तह मिलान गरी करार सम्झौता गरिनेछ । साथै कार्यालयमा कार्यरत शिीक्षका पदमा कार्यरत कर्मचारीलाइ चतुर्थ तह तथा सेबिका पदमा कार्यरत कर्मचारीलाइ प्रथम तहमा करार गरिनेछ ।

१३. **यसै ऐन बमोजिम हुने** : (१) महानगरपालिकाका स्थानीय तह तर्फका कर्मचारीहरुको समायोजन यसै ऐन बमोजिम हुनेछ ।

१४. **नियम वनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्नका लागि महानगरपालिका कार्यपालिकाले आवस्यक नियम वनाई लागु गर्न सक्नेछ ।

१५. **आवस्यक व्यवस्था मिलाउने** : यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा महानगरपालिका कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी व्यवस्था मिलाउने छ ।